# अमेरिकामा हिंसा भड्किएपछि सैन्य प्रहरी तैनाथ



■ जेम्स ल्यापोर्टा

**मिनियापोलिस–** संयुक्तराज्य अमेरिकाका दर्जनौं शहर हरूमा शुक्रबार हिंसा भड्किएसँगै रक्षा मन्त्रालयले मिनियापोलिस राज्यमा सेना परिचालन गर्नेगरी सेनालाई सतर्क अवस्थामा राखिएको जनाएको छ ।

अमेरिकी राज्य मिनियापोलिसमा प्रहरीले घाँटी थिचेर एक निहत्था अश्वेत अफ्रिकी अमेरिकी युवक जर्ज फ्लोयडको मृत्यु भएपछि भड्किएको हिंसा देशव्यापी बनेको छ ।

प्रत्यक्षदर्शीका अनुसार हतकडी लगाइएका ती युवकको घाँटीमा घुँडाले बेस्सरी धेरैबेर थिचिएको थियो । शास फेर्न मुश्किल भएको भन्दै उनले याचिका गरे पनि प्रहरीले उनको कुरा सुनेका थिएनन् । ती युवक एउटा पसलमा झुटो बिल देखाएको आशंकामा पक्राउ परेका थिए ।

प्रहरी क्रुरताको नजिकैबाट एकजना बटुवाले खिचेको भिडियोमा प्रहरीले फ्लोयडको घाँटीमा घुँडा टेकेको देखाइएको छ । फ्लोयडको प्रहरी चोटपटकका कारण उपचारकै क्रममा मृत्यु भएको थियो । घाँटी थिच्ने प्रहरी अधिकृत डेरेक चौविन पक्राउ परेका छन् भने उनलाई शुक्रबार व्यक्तिहत्याको आरोप लगाइएको छ ।

अनुसन्धानका क्रममा ती प्रहरीले फ्लोयडको घाँटी करिब ८ मिनेटसम्म थिचेको देखिएको छ ।

प्रहरीको उक्त क्रुरतासँगै शुरु भएको विरोध प्रदर्शनले देशव्यापी हिंसात्मक रूप लिएको छ ।

बिहीबार प्रदर्शनकारीहरूले फ्योयडलाई गिरफ्तार गरेर राखिएको मिनियापोलिसको एउटा प्रहरी चौकीमा आगो लगाइदिएका छन् । प्रहरीले हिंसा नियन्त्रणमा ल्याउन हवाई फायर र अश्रुग्यास प्रहार गरेको छ ।

हिंसाले उग्र रूप लिएपछि नगर प्रमुख जेकब फ्रेले स्थानीय समयानुसार शुक्रबार राति ८ बजेदेखि लागू हुनेगरी शहरभर कर्फ्यु लगाएको घोषणा गर्नु भएको थियो । तर शहरको दक्षिणी भागमा हजारौं मानिस निषेधाज्ञाको अवज्ञा गर्दै सडकमा भेला भएका थिए । शुरुमा प्रदर्शन शान्त देखिएपनि केही समयपछि उनीहरूले कारहरूमा आगो लगाइदिनुका साथै पसलहरू तोडफोड गरियो । अन्ततः भीडले शहरका धेरै ठाउँका निजी तथा सार्वजनिक सम्पत्तिमा आगो लगायो ।

यो अस्थिरता र विरोध प्रदर्शन देशव्यापी हुनेक्रममा छ । वासिङ्टन डिसी, एटलान्टा, फिनिक्स, डेनभर र लस एन्जलस लगायतका ठूला अमेरिकी शहरहरूमा परिस्थिति विस्फोटक बनेको छ ।

प्रदर्शनमा सहभागी मिनियापोलिसका २६ वर्षीय युवक बेन हुबर्टले प्रदर्शनकारीले निषेधाज्ञाको अवज्ञा गर्नु र आगजनी गर्नु सामान्य रहेको प्रतिक्रिया दिनुभयो । फ्लोएडमाथि भएको बर्बर अन्यायका बारेमा उहाँ भन्नुहुन्छ, 'म पनि क्रुद्ध भएको छु । म आज धेरै दुःखित छु । यति लामो समयदेखि हामीमाथि अन्याय भइरहेको थियो । यो वर्षौंदेखि जारी थियो ।'

प्रहरी चौकी घेर्न पुगेका कतिपय 'प्रहरीलाई कारबाही गर' भन्दै नारा लगाउँदै थिए ।

उत्तरी क्यारोलिनाको फोर्ट ब्राग र न्यू योर्कको फोर्ट ड्रमका ब्यारेकका सैनिकलाई तत्मयार रहन आदेश दिइएको छ । सेना परिचालनको आदेश जारी भएको खण्डमा चार घण्टाभित्र कार्यस्थलमा तैनाथ भइसक्ने गरी तयार रहन रक्षा मन्त्रालयले निर्देश गरेको छ ।

कोलोराडोको फोर्ट कार्सन तथा कन्सासको फोर्ट राइलेका सेनालाई पनि २४ घण्टाभित्र तयार भइसक्न आदेश दिइएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले मिनियापोलिस शहरका केही भागमा लुटपाट र आगजनीका घटना उग्र बन्दै गएपछि प्रदर्शनलाई नियन्त्रणमा ल्याउन रक्षामन्त्री मार्क एस्परलाई सैनिक विकल्पमाथि विचार गर्न मौखिक आदेश दिनुभएको थियो ।

ट्रम्पले बिहीबार राति ओभल अफिसबाट रक्षामन्त्री एस्पर, राष्ट्रिय सुरक्षा सल्लाहकार रोबर्ट ओ ब्रायन र अन्य उच्च पदाधिकारीलाई फोन गर्नु भएको थियो । त्यसक्रममा राष्ट्रपति ट्रम्पले रक्षामन्त्री एस्परलाई मिनियापोलिसको विरोध प्रदर्शन नियन्त्रण बाहिर गएको स्थितिमा द्रुत सेना परिचालनको विकल्पमाथि विचार गर्न आग्रह गर्नु भएको रक्षास्रोतले जनाएको छ ।

रक्षा मन्त्रालय स्रोतका अनुसार राष्ट्रपतिको आदेशमा विद्रोह नियन्त्रण ऐन १८०७ अन्तर्गत सेना परिचालन हुनेछ । यसअघि यो ऐन सन् १९९२ मा रड्नी किङको सुनुवाईका क्रममा लस एन्जलसमा हिंसा भड्किएपछि लगाइएको थियो ।

मिनेसोटाका गभर्नर टिम वाल्जले राज्यका करिब ५०० राष्ट्रिय गार्ड सैनिकलाई मिनियापोलिस, सेन्ट पल र वरपरका समुदायहरूको सुरक्षाका लागि खटाउनु भएको छ ।

तर पेन्टागनका एक प्रवक्ताले वाल्जले सैनिक परिचालनका लागि आदेश नदिएको दाबी गरेका छन् ।

ह्वाइट हाउसकी संचार निर्देशक एलिसा फराहले सेना परिचालनको सम्भावनाबारे ह्वाइट हाउसले कुनै निर्णय नगरेको स्पष्ट गर्नुभयो ।

प्रदर्शनकारीले एटलान्टास्थित सिएनएनको मुख्यालयका झ्यालका सिसा फुटाइदिएका छन् । प्रहरीको कारमा आगो लगाउनुका साथै बोटलले प्रहरीले हिर्काएका छन् । उता न्यूयोर्क, ह्यूस्टन, वासिङ्टन डिसी र अरू दर्जनौं शहरमा विरोध प्रदर्शन भइरहेका छन् । तुलनात्मक रूपमा शान्तिपूर्ण भएका यी प्रदर्शनमा सहभागीहरूले सडक अबरुद्ध गर्नुका साथै कतिपय ठाउँमा प्रहरीसँग झडप भएको छ । शुक्रबार, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फ्लोयडका परिवारजनलाई टेलिफोन गरी आफ्ना तर्फबाट दुःख प्रकट गरेको बताउनुभयो । उहाँले आफूले फ्लोयडमाथि भएको प्रहरी कारबाहीको भिडियो हेरेको र त्यसमा कुनै क्षमा दिन नसकिने बताउनुभयो ।

फ्लोयडको मृत्युका बारेमा राज्य र संघीय निकायहरूले विस्तृत अनुसन्धान शुरु गरेका छन् । (रासस/एपी)

## विश्वमा ३ लाख ६६ हजार भन्दा बढीको मृत्यु

**जेनेभा स्वट्जरल्याण्ड–** कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ३ लाख ६६ हजार ९२८ पुगेको छ भने, संक्रमितको संख्या ६० लाख ३५ हजार ३५३ पुगेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) आफ्नो दैनिक विज्ञप्तिमा जानकारी दिएको छ ।

नेपाली समयानुसार शनिबार अपराह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसको कारण बिरामी भएका २६ लाख ६२ हजार २९९ जना निको भएका छन् । विश्वभरीमा ३० लाख ६ हजार १२६ हाल कोरोना भाइरस सक्रमित उपचाररत रहेका छन् ।

हालसम्म कोरोना भाइरस संक्रमित ५३ हजार ७३९ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको उहान शहरबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिकालाई अत्यन्त प्रभावित पारेको छ ।

डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र १७ लाख ९३ हजार ५३० जनामा कोरोना भाइरस संक्रमण रहेको छ । यस प्रकोपको कारण अमेरिकामा १ लाख ४ हजार ५४२ व्यक्तिको मृत्यु भएको छ ।

दक्षिणमा अमेरिकामा ८ लाख ३९८ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ३८ हजार १८५ को मृत्यु भएको छ ।

युरोपमा १९ लाख ८७ हजार ३४५ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने, १ लाख ७२ हजार ५५९ को मृत्यु भएको छ । एसियामा १० लाख ८४ हजार ८०८ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, २९ हजार ७५२ जनाको मृत्यु भएको छ ।

अफ्रिकामा १ लाख ३७ हजार ५४४ जनामा कोरोना भाइरस संक्रमण रुहेको छ भने, ३ हजार ९४५ जनाको मृत्यु भएको छ । ओसियानामा ८ हजार ७९३ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२५ जनाको मृत्यु भएको छ ।। (रासस/एएफपी)

## डब्लुएचओसँग...

(पृष्ठ १ बाट जारी)

उक्त संगठनले अमेरिकाको आवाज बोल्न सकेको छैन ।'

उक्त संगठनलाई ब्यापक सुधार गर्न अमेरिकाले अनुरोध गरेको भएपनि असफल भएको आरोप राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाए । उनले भने, 'त्यसैले पनि हामीले आजबाट विश्व स्वास्थ्य संगठनसँगको सबै खालको नाता तोड्दै छौं ।'

उक्त घोषणासँगै ट्रम्पले संयुक्त राष्ट्रसंघअन्तर्गतका संस्था डब्ल्यूएचओलाई अमेरिकाले दिँदै आएको बराबरको आर्थिक सहयोगको रकम अबदेखि विश्वमा जनस्वास्थ्यका क्षेत्रमा लगाउने जानकारी दिए । अमेरिका विश्व स्वास्थ्य संगठनको सबैभन्दा ठूलो दाता राष्ट्र हो । अमेरिकाले प्रत्येक वर्ष संगठनलाई ४५ करोड अमेरिकी डलर बराबरको आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ ।

यसअघि नै राष्ट्रपति ट्रम्पले चीनबाट सुरु भएको कोरोना भाइरसको संक्रमण विश्वभर फैलिनु र जनधनको ठूलो क्षति हुनुमा उक्त संगठनलाई दोषी देखाएको थियो । अमेरिकाले विश्व स्वास्थ्य संगठनमा विस्तृत रूपमा सुधार गर्ने भनेको तर पनि उक्त संगठनले नमानेको आरोप ट्रम्पको छ ।

अमेरिकाले उक्त भाइरसको प्रकोप फैलिएदेखि नै कोरोना भाइरस फैलिनुको कारण पत्ता लगाउन विश्व स्वास्थ्य संगठनले विशेषज्ञहरूको टोली चीन पठाउनुपर्ने माग राख्दै आएको छ । तर त्यस मागप्रति चीन र विश्व स्वास्थ्य संगठन सकारात्मक छैनन् । कोरोना भाइरसबाट विश्वमै सबैभन्दा बढी प्रभावित देश अमेरिका हो । यस विषयमा संगठनले भने केही बोलेको छैन । तर केही समयअघि सहयोग निरन्तर गर्न अुनरोध गरेको थियो ।

## पाकिस्तानले सुरु गर्‍यो अन्तर्राष्ट्रिय उडान

**इस्लामावाद–**कोभिड १९ को कारण बन्द रहेको अन्तर्राष्ट्रिय उडानहरू पाकिस्तानले सुरु गरेको छ । पाकिस्तानले शुक्रबार रातिदेखि अन्तर्राष्ट्रिय उडान सुरू गरेको हो ।

पाकिस्तान सरकारले कोरोनाभाइरस संक्रमणका कारण यसको नियन्त्रण गर्न नियमित गतिविधिमा पनि रोक लगाएको थियो । तर शुक्रबारदेखि यहाँका अन्य नियमित गतिविधिहरूमा पनि खुकुला पार्ने नीति लिएको छ । उक्त निर्णयसँगै अन्तर्राष्ट्रिय उडानहरूमा लगाएको प्रतिबन्ध पनि शुक्रबार रातिदेखि नै फुकुवा गरेको बताएको छ । पाकिस्तान नागरिक उ•यन प्राधिकरणले शुक्रबार एक सूचना जारी गरेर सो जानकारी दिएको थियो र सोही बमोजिम शुक्रबार रातिबाट उडान सुरु भएको हो । प्राधिकरणले देशभित्रका आन्तरिक उडानहरूलाई पनि विस्तारै विभिन्न चरणमा गरी यसअघि नै सुरू गरिसकेको छ ।

पाकिस्तान सरकारको निर्णयअनुसार पाकिस्तानबाट हुने अन्तर्राष्ट्रिय उडानहरू शुक्रबार राति २३:५९ पछि सुरू भएका समाचारमा जनाइएको छ ।

पाकिस्तानबाट विदेशका लागि हुने उडानका लागि आवश्यक प्रक्रिया सरकारले पहिले नै तोकेको थियो । यहाँबाट गरिने विदेशी उडानहरूका लागि विमान कम्पनीहरूले गन्तव्य देशको नियमलाई पालना गर्नुपर्ने गरी नियम बनाइएको छ । (रासस/सिन्ह्वा)


**छायाँनाथ रारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

**स्यानिटरी प्याड खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७७।०२।१८**

यस छायाँनाथ रारा नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका छात्राहरुलाई चालु आ.व २०७६।०७७ का लागि आवश्यक पर्ने स्यानिटरी प्याड सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी /फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (मिति २०७७।०२।३२) छायाँनाथ रारा नगरपालिका गमगढी मुगुबाट कार्यालय समय भित्र प्याडको दरभाउपत्र यस कार्यालयबाट फाराम खरिद गरि यस कार्यालयमा पेश गर्नाका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र खरिद गर्न आधिकारिक निवेदनका साथ अनिवार्य निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ ।
   क) औषधि व्यवस्था विभाग वा बाणिज्य विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि ।
   ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रमाण पत्र प्रमाणित प्रतिलिपि
   ग) आ.व २०७५।७६ सम्मको कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
   घ) प्रोपाइटर समेत उपस्थिती हुन नसकेकोमा निजको आधिकारिक मन्जुरीनामा ।
   ङ) फर्म वा व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
   च) यस छायानाथ रारा नगपालिकाको राष्ट्रिय बाणिज्य बैंक गमगढी, मुगु शाखामा रहेको संचित खाता नं ४०६००३०४०१०००२ मा रु १००० (एक हजार) फिर्ता नहुने गरि जम्मा गरेको सक्कल भौचर वा नगदि रसिदको भौचर ।
२. रित पूर्वक खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२ बजेसम्म दर्ता गरि सक्नु पर्ने र सो सिलबन्दी दरभाउपत्र मिति २०७७।०३।०१ गतेको २:०० बजे कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. रित नपुगेको म्याद नाघेर प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै पनि कारवाही गरिने छैन ।
४. दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
५. दरभाउपत्र दाताले तोकेको जमानत रकम छायाँनाथ रारा नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक गमगढी, मुगुमा रहेको धरौटी खाता नं ४०६०००३०३००००२ जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको सिलबन्दी दरभाउपत्र मान्य हुने अन्तिम मिति देखि ३० दिन म्याद भएको जमानी पत्र (विडवण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
६. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ ।
७. दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा अनिवार्य उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिईनेछ ।
८. पेश भएका दरभाउपत्र आंशिक, आईटम वाईज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
९. खरिद गरिने स्यानीटरी प्याडको प्रयोग अवधि यस कार्यालयको स्टोरमा दाखिला हुदा कम्तिमा म्याद हुनेका हकमा ७५ प्रतिशत बाँकी रहेको हुनु पर्नेछ ।
१०. दरभाउपत्र दाताले आफूले दिन चाहेको स्यानीटरी प्याडको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नु पर्नेछ
११. दरभाउपत्र दाखिला गर्दा दरभाउ पत्र साथ आफूले सप्लाई पर्ने प्रत्येक स्यानीटरी प्याडको नमूना सिलबन्दी गरि छुट्टै पेश गर्नु पर्नेछ ।
१२. दरभाउपत्र दाताले दरभाउ पत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फाराम मात्र खरिद गर्नु पर्नेछ र सोही फारामको प्रत्येक पानामा दरभाउ पत्र दाताले फर्म वा कम्पनीको छाप सहित दस्तखत गरि पेश गर्नु पर्नेछ
१३. दरभाउ पत्र पेश गर्दा खाममा स्पस्टसँग कार्यालयको नाम दरभाउपत्र नम्बर, कामको विवरण तथा दरभाउपत्र दाताको नाम र ठेगाना खुलाई सिलबन्दी गरिएको हुनु पर्नेछ ।
१४. एउटा फर्म वा कम्पनीले खरिद गरेको दरभाउ पत्र अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाईएमा नीजले पेश गरेको दरभाउपत्र अमान्य हुनेछ ।
१५. आफूले सप्लाई गर्ने प्रत्येक स्यानीटरी प्याड औषधी व्यवस्था विभाग वा बाणिज्य विभागमा दर्ता भएको हुनु पर्नेछ ।
१६. दरभाउपत्र साथ पेश हुने कागजातहरु प्रचलित कानून अनुसार प्रमाणित भएका हुनु पर्नेछ ।
१७. यस कार्यालय हातासम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।
१८. स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ मा व्यवस्था भए अनुसारको स्यानिटरी प्याडको न्यूनतम मापदण्ड हुनु पर्नेछ ।
१९. यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजिक खरिद ऐन, २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) बमोजिम हुनेछ ।

| सि. नं | दरभाउ पत्र नम्बर | विवरण | लागत अनुमान (भ्याट सहित) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | MUGU/CRM/SQ/G-5/076/077 | स्यानिटरी प्याड | १८४१०००।०० | ५५२००।०० | |

सम्पर्क फोन नं ०८७४६०२५२ वेवसाईट : www.chhayanthrara.gov.np

प्रमुख प्रशासकीय अधिकृत



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नयाँबजार फोन **नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-निामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँ** बसपार्क **फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - ुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी -विश्वज्योति हल ाईडमा),** बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - **कलंकी चोक फोनः ०१-४२७६५३०,** फ्याक्स **०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९,** एं.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१-४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**